खोटेहाङ गाउँपालिका

खोटाङबजार, खोटाङ

# स्थानीय राजपत्र

खोटेहाङ गाँउपालिका

प्रकाशित मितिः २०८०/०९/१४

# खोटेहाङ प्रज्ञा प्रतिष्ठान ऐन २०८०

# प्रस्तावना

खोटेहाङ गाँउपालिका भित्रका भाषाभाषी, कला, साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीतको अध्ययन अनुसन्धान गरी संरक्षण, संवर्द्धन एवंम प्रवद्धन गर्नकालागि खोटेहाङ गाँउपालिकामा खोटेहाङ प्रज्ञा प्रतिष्ठानको स्थापना र सञ्चालन गर्न वाञ्छनीय भएकोले,

**खोटेहाङ गाँउपालिकाको गाँउसभाले यो ऐन बनाएको छ।**

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "खोटेहाङ प्रज्ञा प्रतिष्ठान ऐन २०८०" रहेको छ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएपछि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "खोटेहाङ प्रज्ञा प्रतिष्ठान" भन्नाले दफा ३ बमोजिम स्थापना भएको खोटेहाङ प्रज्ञा प्रतिष्ठान सम्झनु पर्दछ।

(ख) "प्रज्ञा प्रतिष्ठान" भन्नाले खोटेहाङ प्रज्ञा प्रतिष्ठान सम्झनु पर्दछ।

(ग) "भाषाभाषी" भन्नाले खोटेहाङ गाँउपालिका भित्र बोलिने सम्पुर्ण भाषाभाषी सम्झनु पर्दछ।

(घ) "कला" भन्नाले स्रष्टाका लेखन, वाचन तथा सीपलाई कला सम्झनु पर्दछ।

(ङ) "साहित्य" भन्नाले विधागत सीमा भित्रका लेखहरुलाई साहित्य सम्झनु पर्दछ।

(च) "ललितकला" भन्नाले चित्रकला,मूर्तिकला, हस्तकला, शिल्पकला र वास्तुकला सम्झनु पर्दछ।

(छ) "नाट्यकला" भन्नाले नाटक, अभिनय र रङ्गकर्म सम्झनुपर्दछ।

(ज) "सङ्गीत" भन्नाले गायन, सङ्गीत, वाध्य-वादन र नृत्य सम्झनुपर्दछ।

(झ) "प्रज्ञासभा" भन्नाले दफा ७ बमोजिमको प्रज्ञा सभा सम्झनु पर्दछ।

(ञ) "प्रज्ञा परिषद्" भन्नाले दफा ११ बमोजिमको प्रज्ञा परिषद् सम्झनु पर्दछ।

(ट) "प्रमुख संरक्षक" भन्नाले दफा १४ बमोजिमको प्रमुख संरक्षक सम्झनु पर्दछ।

(ठ) "संरक्षक" भन्नाले दफा १४ बमोजिमको संरक्षक सम्झनु पर्दछ।

(ढ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले दफा १४ बमोजिमको संरक्षक सम्झनु पर्दछ।

(ड) "प्रज्ञा सभा अध्यक्ष" भन्नाले दफा १५ बमोजिम नियुक्त प्रज्ञा प्रतिष्ठानका अध्यक्ष सम्झनु पर्दछ।

(ढ) "प्रज्ञा सभा उपाध्यक्ष" भन्नाले दफा १७ बमोजिम नियुक्तप्रज्ञा प्रतिष्ठानका उपाध्यक्ष सम्झनु पर्दछ।

(ण) "पदाधिकारी" भन्नाले प्रज्ञा सभाका अध्यक्ष, उपाध्यक्ष, सदस्य-सचिव र प्रज्ञा परिषद्का सदस्य सम्झनु पर्दछ।

(त) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ।

खोटेहाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खोटेहाङ बजार, भोजपुर
२०७३

उदिम बहादुर राई
अध्यक्ष
खोटेहाङ गाउँपालिका

# परिच्छेद-२

## खोटेहाङ प्रज्ञा प्रतिष्ठानको स्थापना तथा काम, कर्तव्य र अधिकार

**३. खोटेहाङ प्रज्ञा प्रतिष्ठानको स्थापनाः** खोटेहाङ गाँउपालिका क्षेत्र भित्र भाषाभाषी, कला, साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीतको प्रवर्द्धन, संरक्षण, संवर्द्धन र विकास गर्नका लागि खोटेहाङ प्रज्ञा प्रतिष्ठान स्थापना गरिएको छ ।

**४. कला, साहित्य, प्रतिष्ठान स्वशासित र संठित संस्था हुनेः** (१) यो खोटेहाङ प्रज्ञा प्रतिष्ठान खोटेहाङ गाँउपालिका प्रति अविछिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ ।

(२) प्रज्ञा प्रतिष्ठानको आफ्नो छुट्टै छाप र प्रतीक चिन्ह (लोगो) हुनेछ ।

(३) प्रज्ञा प्रतिष्ठानले प्रचलित कानून बमोजिम व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपयोग गर्न, बेचबिखन गर्न सक्नेछ तर प्रज्ञा प्रतिष्ठानले अचल सम्पत्ति बेचबिखन गर्दा खोटेहाङ गाँउपालिका मार्फत नेपाल सरकारको स्वीकृती लिनु पर्नेछ ।

(४) प्रज्ञा प्रतिष्ठानले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र प्रतिष्ठान उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

(५) प्रज्ञा प्रतिष्ठानले व्यक्ति सरह करार गर्न र करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ ।

**५. प्रज्ञा प्रतिष्ठानको काम, कर्तव्य र अधिकारः** प्रज्ञा प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) भाषाभाषी, साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीतको संरक्षण,संवर्द्धन र विकास गर्ने,

(ख) भाषाभाषी, साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीतसँग सम्बन्धित सामग्रीको सङ्कलन, अध्ययन, अनुसन्धान गरी कृति प्रकाशन गर्ने, गराउने,

(ग) भाषाभाषी, साहित्य,संस्कृति,ललितकला, नाट्यकला, सङ्गीतसम्बन्धी विविध विषयमा स्थानिय, प्रादेशिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठी, सम्मेलन, साहित्य महोत्सव, मञ्चन, प्रदर्शनी तथा प्रतियोगिताको आयोजना गर्ने, गराउने,

(घ) भाषाभाषी, साहित्य, संस्कृति, ललितकला, नाट्यकला,सङ्गीत सम्बन्धी विषयमा प्रादेशिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थासँग प्रचलित कानून बमोजिम सम्बन्ध कायम गरी पारस्परिक सहयोगको आदानप्रदान गर्ने,

(ङ) भाषाभाषी, साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीत सम्बन्धी विषयका प्रादेशिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठीमा भाग लिने,

(च) महत्वपूर्ण कृतिको अनुवाद तथा प्रकाशन गर्ने, गराउने,

(छ) विभिन्न जातिका मौलिक संस्कृति र पहिचानको जगेर्ना गर्ने,

(ज) भाषाभाषी, साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीतका ग्रन्थ र सामग्री संग्रह गर्ने,

(झ) लोकसाहित्य, लोकसङ्गीत, लोकनृत्य जस्ता विधाका श्रव्यदृश्य सामग्रीको निर्माण, सङ्कलन, अध्ययन, अनुसन्धानगरी तिनको डिजिटल अभिलेख राख्ने,

(ञ) भाषाभाषी, साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीत सम्बन्धीत विषयमा प्रतिभाको विकास गर्ने वातावरण सृजना गर्ने,

(ट) गाँउपालिका क्षेत्रभित्र रहेका लोपोन्मुख भाषाभाषी, लिपि, साहित्य, कला र संस्कृतिको संरक्षण, संवर्द्धन र विकास गर्ने,

(ठ) भाषाभाषी, कला, साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीतका मौलिकता र विशिष्टतालाई राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रमा प्रचार(प्रसार गर्ने ।

# परिच्छेद-३

## प्रज्ञा प्रतिष्ठानको संगठन संरचना

६. **खोटेहाङ प्रज्ञा प्रतिष्ठानको सगंठनः** खोटेहाङ प्रज्ञा प्रतिष्ठानको सङ्गठन संरचना देहायबमोजिम हुनेछः (क) खोटेहाङ प्रज्ञा सभा र

(ख) खोटेहाङ प्रज्ञा परिषद्

७. **प्रज्ञा सभाः** (१) प्रज्ञा सभा यस गाँउपालिकाको एक अंग हुनेछ ।

(२) प्रज्ञा सभाको गठन सिफारिस समितिबाट सिफारिस भएका व्यक्तिबाट देहायबमोजिम गाँउपालिका अध्यक्षबाट मनोनित हुनेछः

(क) प्रज्ञा सभा अध्यक्ष

(ख) प्रज्ञा सभा उपाध्यक्ष

(ग) गाँउपालिका अध्यक्षले तोकेको कार्यपालिका सदस्य १ जना - सदस्य

(घ) सम्बन्धित विधाको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिहरू मध्येबाट दुई जना महिला सहित अध्यक्षले तोकेको ७ जना - सदस्य

(ङ) शिक्षा शाखा प्रमुख- सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (क) र (ख) का पदहरु सोहि उपदफाको खण्ड (घ) वमोजिम मनोनित सदस्यहरुबाट अध्यक्षले तोके वमोजिम हुनेछ ।

(४) उपदफा (२) बमोजिम मनोनित गर्दा खोटेहाङ गाँउपालिका भित्रका साहित्य, कला, भाषा-संस्कृति जस्ता क्षेत्रबाट समावेशी प्रतिनिधित्व हुनु पर्नेछ, मनोनित सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ

(५) कुनै कारणले खोटेहाङ प्रज्ञा सभाका मनोनित सदस्यको पद रिक्त हुन गएमा बाँकी अवधिका लागि त्यस्तो सदस्य जुन विधा वा क्षेत्रबाट मनोनयन भएको हो सोही विधा वा क्षेत्रबाट सदस्यको मनोनयन गरिनेछ ।

(६) दफा ६ मा जुनसुकै कुरा लेखिएको भएता पनि दफा ७ को उपदफा १ र २ को खण्ड (क) (ख) (ग) र (घ) मा मनोनित हुने जुनसुकै लाभको पदमा भए वा नभए पनि यस प्रज्ञा सभामा पदाधिकारी वा सदस्य रहन पाइनेछ ।

(६) उपदफा (२) को खण्ड (घ) बमोजिम मनोनित सदस्यहरूले पारिश्रमिक पाउने छैनन । निजहरूले पाउने बैठक भत्ता लगायतका अन्य सेवा सुविधा तोकिए बमोजिम हुनेछ।

८. **सिफारिस समितिः** (१) दफा ७ को उपदफा (२) को खण्ड (घ) बमोजिमका खोटेहाङ प्रज्ञा सभाका सदस्य र प्रज्ञाप्रतिष्ठानका पदाधिकारीको मनोनयन तथा नियुक्तिका लागि गाँउपालिका अध्यक्ष समक्ष नाम सिफारिस गर्न देहायबमोजिमको एक सिफारिस समिति रहनेछ

(क) गाँउपालिका अध्यक्षले तोकेको कार्यपालिका सदस्य मध्येबाट -संयोजक

(ख) प्रशासन शाखा प्रमुख -सदस्य

(ग) सम्बन्धित क्षेत्रमा विषय विज्ञबाट गाँउपालिका अध्यक्षले तोकेको एक जना -सदस्य

(२) उपदफा (१) बमोजिमको समितिले सभाको सदस्यमा मनोनयनको लागि नाम सिफारिस गर्दा भाषाभाषी, कला, साहित्य, ललितकला, नाट्यकला, सङ्गीत, संस्कृति सम्बन्धी विधामा सृजना, अध्ययन तथा अनुसन्धान गरेका वा सो विधामा ख्याति आर्जन गरेका व्यक्तिहरू मध्येबाट

खोटेहाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

उदिम बहादुर राई
अध्यक्ष
गाउँपालिका

सम्भव भए सम्म सबै जाति तथा भाषाभाषी-भाषीलाई समेट्ने गरी र उक्त सबै विधाबाट प्रतिनिधित्व हुने गरी नाम सिफारिस गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिले आफ्नो कार्यविधि आफैं निर्धारण गर्न सक्नेछ ।

९. **प्रज्ञा सभाको काम, कर्तव्य र अधिकारः** प्रज्ञा सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ -

(क) प्रज्ञा प्रतिष्ठानको नीति, योजना, वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने,

(ख) विद्वत वृत्ति, सम्मान तथा पुरस्कारको अनुमोदन गर्ने,

(ग) परिषद्लाई आवश्यक निर्देशन दिने र मार्गदर्शन गर्ने,

(घ) परिषद्का कामको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ङ) प्रतिष्ठानको कामका निम्ति आवश्यकताअनुसार विभागहरूको गठन गर्ने,

(च) भाषाभाषी, कला, साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीत सम्बन्धी विषयमा विशिष्ट योगदान पुऱ्याएका प्रादेशिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्ति वा संस्थालाई विद्वत वृत्ति, पुरस्कार तथा सम्मानको व्यवस्था गर्ने,

(छ) नेपाल प्रज्ञा प्रतिष्ठान, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान तथा नेपाल सङ्गीत तथा नाट्यकला प्रज्ञा प्रतिष्ठान, प्रदेश प्रज्ञा प्रतिस्ठानसँग आवश्यक सम्बन्ध र समन्वय कायम गर्ने,

(ज) दफा ५ मा उल्लेख भए बमोजिमका काम गर्ने,

(झ) तोकिएबमोजिमका अन्य काम गर्ने ।

१०. **प्रज्ञा सभाको बैठकः** (१) सभाको बैठक वर्षको कम्तीमा एक पटक बस्नेछ ।

(२) सभाको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) सभाको बैठक हुनु भन्दा कम्तीमा सात दिन अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सदस्य-सचिवले सबै सदस्यहरूलाई दिनु पर्नेछ ।

(४) सभामा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा सभाको बैठकका लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) अध्यक्षले सभाको अध्यक्षता गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले अध्यक्षता गर्नेछ ।

(६) सभाको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) सभाको बैठकको निर्णय सभाका सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(८) सभाले प्रज्ञा प्रतिष्ठानका प्रमुख संरक्षक, संरक्षक र आजीवन सदस्यलाई सभाको बैठकमा आमन्त्रण गर्न सक्नेछ

(९) सभाको बैठक सम्बन्धी अन्य कार्यविधि खोटेहाङ प्रज्ञा प्रतिष्ठान नियमावली २०८० ले निर्धारण गरेबमोजिम हुनेछ ।

११. **खोटेहाङ प्रज्ञा परिषद्को गठनः** (१) खोटेहाङ प्रज्ञा प्रतिष्ठानको कार्यकारी निकायका रूपमा काम गर्न एक खोटेहाङ प्रज्ञा परिषद् रहनेछ ।

(२) खोटेहाङ प्रज्ञा परिषद्को गठन देहायबमोजिम हुनेछः

(क) प्रज्ञा सभा अध्यक्ष (अध्यक्ष)

(ख) प्रज्ञा सभा उपाध्यक्ष (उपाध्यक्ष)

(ग) प्रज्ञा सभाका सदस्यहरू मध्येबाट फरक विधा वा क्षेत्रबाट कम्तीमा एकजना महिला सहित प्रज्ञा सभा अध्यक्षले तोकेको दुई जना (सदस्य)

खोटेहाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

उद्दिम बहादुर राई

(३) प्रज्ञा सभाको सदस्य-सचिवले खोटेहाङ प्रज्ञा परिषद्को कार्यकारी निर्देशक रही कार्य गर्नेछ ।
(४) कुनै कारणले उपदफा (२) को खण्ड (ग) बमोजिमका सदस्यको पद रिक्त हुन गएमा बाँकी अवधिको लागि त्यस्तो सदस्य जुन विधा वा क्षेत्रबाट मनोनित भएको हो सोही विधा वा क्षेत्रबाट अर्को व्यक्तिलाई मनोनयन गरिनेछ ।
(५) परिषद्का पदाधिकारीहरूको नियुक्ति एउटै पदमा दुई कार्यकाल भन्दा बढी हुने छैन ।

**१२. खोटेहाङ प्रज्ञा परिषद्को काम, कर्तव्य र अधिकारः** खोटेहाङ प्रज्ञा परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ-
(क) खोटेहाङ प्रज्ञा सभाले गरेका निर्णय कार्यान्वयन गर्ने,
(ख) खोटेहाङ प्रज्ञा सभाले दिएका निर्देशन पालना गर्ने,
(ग) लेखापरीक्षणको प्रतिवेदन सभा समक्ष पेश गर्ने,
(घ) सदस्य-सचिवले पेश गरेको वार्षिक कार्यक्रम, बजेट, प्रगति प्रतिवेदन तथा अन्य प्रतिवेदन सम्बन्धमा छलफल तथा आवश्यकता अनुसार संशोधन गरी अनुमोदनका लागि सभा समक्ष पेश गर्ने,
(ङ) खोटेहाङ प्रज्ञाप्रतिष्ठानको सम्पत्तिको व्यवस्थापन, सञ्चालन, संरक्षण र रेखदेख गर्ने, गराउने,
(च) खोटेहाङ प्रज्ञा प्रतिष्ठानको कोषको व्यवस्था र सञ्चालन गर्ने,
(छ) खोटेहाङ प्रज्ञा प्रतिष्ठानका लागि प्राप्त आर्थिक तथा अन्य सहयोग ग्रहण गर्ने,
(ज) पुस्तकालय, वाचनालय, सङ्ग्रहालय, ग्यालरी, रङ्गमञ्च र नाट्यशालाको स्थापना गर्ने,
(झ) विद्वत वृत्ति, सम्मान, कदर, तथा पुरस्कार अनुमोदनका लागि सभामा पेश गर्ने,
(ञ) परिषद्को काम कारबाहीका सम्बन्धमा आवश्यकता अनुसार समिति, उपसमिति गठन गर्ने र त्यस्तो समिति, उपसमितिको काम, कर्तव्य र अधिकार तोक्ने,
(ट) तोकिए बमोजिमका अन्य काम गर्ने ।

**१३. खोटेहाङ प्रज्ञा परिषद्को बैठकः** (१) खोटेहाङ प्रज्ञा परिषद्को बैठक दुई महिनामा कम्तीमा एक पटक बस्नेछ ।
(२) परिषद्को बैठक परिषद्को अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।
(३) परिषद्को बैठक हुनु भन्दा कम्तीमा चौबिस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना परिषद्को कार्यकारी निर्देशकले सबै सदस्यहरूलाई दिनु पर्नेछ ।
(४) परिषद्मा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा परिषद्को बैठकको गणपूरक सङ्ख्या पुगेको मानिने छ ।
(५) खोटेहाङ प्रज्ञा परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछन् ।
(६) खोटेहाङ प्रज्ञा परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।
(७) खोटेहाङ प्रज्ञा परिषद्को बैठकको निर्णय परिषद्को सदस्य-सचिवले प्रमाणित गर्नेछ ।
(८) खोटेहाङ प्रज्ञा परिषद्को बैठकसम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-४

### प्रमुख संरक्षक, संरक्षक,पदाधिकारी तथा कर्मचारी

**१४. प्रमुख संरक्षक र संरक्षकः** (१) खोटेहाङ प्रज्ञा प्रतिष्ठानको प्रमुख संरक्षक गाँउपालिका अध्यक्ष

हुनेछ ।

(२) खोटेहाङ प्रज्ञा प्रतिष्ठानको संरक्षक गाँउपालिका उपाध्यक्ष हुनेछ ।

(३) खोटेहाङ प्रज्ञा प्रतिष्ठानको संरक्षक गाँउपालिका प्रमुख प्रशासकिय अधिकृत हुनेछ ।

**१५. प्रज्ञा सभा अध्यक्षः** (१) खोटेहाङ प्रज्ञा प्रतिष्ठानमा अध्यक्ष रहने छ ।

(२) दफा ७ को उपदफा (२) को खण्ड (घ) बमोजिमका सदस्यहरू मध्येबाट गाँउपालिका अध्यक्षले प्रज्ञा सभाको अध्यक्षको नियुक्ति गर्नेछ ।

(३) खोटेहाङ प्रज्ञाप्रतिष्ठानको अध्यक्ष पदाधिकारीको काम प्रज्ञा अध्यक्ष र पदाधिकारीले गर्नेछ ।

**१६. अध्यक्षको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अध्यक्षले गर्ने भनि तोकिए देखि वाहेक देहायका काम, कर्तव्य र अधिकार अध्यक्षले गर्नुपर्नेछ,

(क) खोटेहाङ प्रज्ञा सभा तथा खोटेहाङ प्रज्ञा परिषद्ले गरेका निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ख) खोटेहाङ प्रज्ञा प्रतिष्ठानको वार्षिक कार्यक्रम, बजेट, प्रतिवेदन तथा अन्य प्रतिवेदन तयार गर्न लगाउने,

(ग) खोटेहाङ प्रज्ञाप्रतिष्ठानको काम, कारबाही तथा कर्मचारी प्रशासनको सामान्य नियन्त्रण गर्ने,

(घ) खोटेहाङ प्रज्ञा परिषद्को स्वीकृति लिई खोटेहाङ प्रज्ञा प्रतिष्ठानका तर्फबाट करार गर्ने,

(ङ) स्वदेशी तथा विदेशी सङ्घ संस्था एवम् सङ्घ तथा अन्य प्रदेशका खोटेहाङ प्रज्ञा प्रतिष्ठानहरूसँग सम्बन्धित विषयमा प्रचलित कानून बमोजिम सम्बन्ध कायम गर्ने,

(च) खोटेहाङ प्रज्ञा सभा तथा खोटेहाङ प्रज्ञा परिषद्ले समयसमयमा दिएका निर्देशन कार्यान्वयन गर्ने,

(छ) तोकिए बमोजिमका अन्य काम गर्ने ।

**१७. उपाध्यक्षः** (१) खोटेहाङ प्रज्ञाप्रतिष्ठानमा उपाध्यक्ष रहनेछ ।

(२) दफा ७ को उपदफा (२) को खण्ड (घ) बमोजिमका सदस्यहरू मध्येबाट गाँउपालिका अध्यक्षले प्रज्ञा सभाको उपाध्यक्षको नियुक्ति गर्नेछ ।

**१८. उपाध्यक्षको काम, कर्तव्य र अधिकारः** यस ऐनमा उपाध्यक्षले गर्ने भनि तोकिए देखि वाहेक देहायका काम, कर्तव्य र अधिकार उपाध्यक्षले गर्नुपर्नेछ,

(क) खोटेहाङ प्रज्ञा सभा तथा खोटेहाङ प्रज्ञा परिषद्ले गरेका निर्णय कार्यान्वयन गर्न अध्यक्षलाई सहयोग गर्ने,

(ख) अध्यक्षको अनुपस्थितिमा निजले गर्ने सबै काम गर्ने,

(ग) अध्यक्षको निर्देशनमा अन्य काम गर्ने ।

**१९. सदस्य-सचिव र कार्यकारी निर्देशकः** : खोटेहाङ प्रज्ञा सभा र परिषदको सदस्य-सचिवको नियुक्ती तोकिए बमोजिम हुनेछ ।

**२०. कार्यकारी निर्देशकः** खोटेहाङ प्रज्ञा परिषद्को कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**२१. पदाधिकारीसम्बन्धी व्यवस्थाः** (१) पदाधिकारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा तोकिए बमोजिम हुनेछ ।

**२२. पद रिक्त हुने अवस्थाः** देहायका अवस्थामा पदाधिकारी र सभाका सदस्यको पद रिक्त भएको मानिनेछः

(क) पदावधि समाप्त भएमा,

(ख) राजीनामा दिएमा,

खोटेहाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खोटाङ बजार, खोटाङ
२०७३

उदिम बहादुर राई
अध्यक्ष
खोटेहाङ गाउँपालिका

(ग) मानसिक सन्तुलन ठीक नभएमा,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) दफा २३ बमोजिम पदबाट हटेमा, वा (च) मृत्यु भएमा ।

२३. **पदबाट हटाउन सक्ने:** (१) पदाधिकारी वा सभाका सदस्यले यस ऐनको उद्देश्य बमोजिम काम नगरेको वा आफ्नो पद अनुकूलको आचरण नगरेको वा इमान्दारी पूर्वक कार्य नगरेको वा निजमा कार्यक्षमताको अभाव भएको कारण देखाई सभामा तत्काल कायम रहेका एक चौथाई सदस्यले प्रमुख संरक्षक समक्ष लिखित निवेदन दिएमा कार्यपालिका सदस्यहरू मध्येबाट एक छानबिन समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको छानबिन समितिले सो सम्बन्धमा छानबिन गरी आफ्नो प्रतिवेदन गाँउपालिका अध्यक्ष समक्ष पेश गर्नेछ र गाँउपालिका अध्यक्षले त्यस्तो प्रतिवेदन छलफलका लागि सभा समक्षराख्ने व्यवस्था गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदनका सम्बन्धमा सभामा छलफल हुँदा सभाका बहुमत सदस्यबाट पदाधिकारी वा सभाका सदस्यले यस ऐनको उद्देश्यबमोजिम काम नगरेको वा आफ्नो पदअनुकूलको आचरण नगरेको वा इमान्दारिता पूर्वक काम नगरेको वा निजमा कार्यदक्षताको अभाव भएको भनी निर्णय गरेमा प्रमुख संरक्षकले त्यस्तो पदाधिकारी वा सभाका सदस्यलाई पदबाट हटाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम पदाधिकारी वा सभाका सदस्यलाई पदबाट हटाउनुअघि निजलाई सफाइ पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

२४. **कर्मचारी:** (१) खोटेहाङ प्रज्ञा प्रतिष्ठानमा तोकिएको सङ्ख्यामा कर्मचारी रहने छन् ।

(२) उपदफा (१) बमोजिमका कर्मचारीको व्यवस्था खोटेहाङ गाँउकार्यपालिकाले गर्नेछ ।

# परिच्छेद-५

## कोष तथा लेखा नियन्त्रण

२५. **खोटेहाङ प्रज्ञाप्रतिष्ठानको कोष:** (१) खोटेहाङ प्रज्ञाप्रतिष्ठानको आफ्नो छुट्टै कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्

(क) खोटेहाङ गाँउपालिकाबाट प्राप्त रकम,

(ख) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त सहयोग रकम,

(ग) विदेशी सरकार वा संघसंस्था वा व्यक्तिबाट प्राप्त सहयोग रकम,

(घ) सङ्घ, संस्था वा व्यक्ति वा दानदातव्यबाट प्राप्त रकम, र

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिम विदेशी सरकार, संघ संस्था वा व्यक्तिबाट सहयोग प्राप्त गर्नु अघि खोटेहाङ प्रज्ञा प्रतिष्ठानले खोटेहाङ गाँउपालिका मार्फत नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(४) कोषको रकम खोटेहाङ प्रज्ञा प्रतिष्ठानले तोकेको बैङ्कमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(५) खोटेहाङ प्रज्ञा प्रतिष्ठानको कोष र खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

(६) खोटेहाङ प्रज्ञा प्रतिष्ठानको सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट ब्यहोरिने छ ।

खोटेहाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खोटाङ बजार, खोटाङ

अध्यक्ष
गाउँपालिका

२६. **लेखा र लेखापरीक्षण**: (१) खोटेहाङ प्रज्ञा प्रतिष्ठानको आय-व्ययको लेखा खोटेहाङ गाँउपालिकाले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।

(२) खोटेहाङ प्रज्ञा प्रतिष्ठानको लेखाको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट हुनेछ ।

## परिच्छेद-६
## विविध

२७. **मानार्थ तथा आजीवन सदस्यता**: (१) खोटेहाङ प्रज्ञा प्रतिष्ठान नियमावली २०८० बमोजिम भाषाभाषी, कला, साहित्य, संस्कृति, ललितकला, नाट्यकला वा सङ्गीतको विकासमा विशिष्ट योगदान पुर्‍याएका राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रमा गाँउपालिकाको गौरव बढाउने स्वदेशी वा विदेशी व्यक्तिलाई सभाले परिषद्को सिफारिसमा प्रज्ञा प्रतिष्ठानको मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ ।

(२) खोटेहाङ प्रज्ञा प्रतिष्ठान नियमावली २०८० बमोजिम भाषाभाषी, साहित्य, संस्कृति, ललितकला, नाट्यकला वा सङ्गीत सम्बन्धीविषयमा विशिष्ट योगदान पुर्‍याउने नेपाली नागरिकलाई सभाले खोटेहाङ प्रज्ञा प्रतिष्ठानको आजीवन सदस्यता प्रदान गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम मानार्थ सदस्यता तथा आजीवन सदस्यता प्रदान गर्ने आधार तोकिए बमोजिम हुनेछ ।

(४) खोटेहाङ प्रज्ञा प्रतिष्ठानका आजीवन सदस्यले पारिश्रमिक पाउने छैनन् । निजहरूले पाउने बैठक भत्ता लगायतका अन्य सेवा सुविधा तोकिए बमोजिम हुनेछ ।

(५) खोटेहाङ प्रज्ञा सभाले मानार्थ सदस्य र आजीवन सदस्यलाई तोकिएको अवस्थामा सदस्यताबाट हटाउन सक्नेछ ।

(६) यस दफा बमोजिमका मानार्थ सदस्य र आजीवन सदस्यलाई खोटेहाङ प्रज्ञा सभामा मतदानको अधिकार हुने छैन ।

२८. **सम्मान तथा पुरस्कार प्रदान गर्न सक्ने**: खोटेहाङ प्रज्ञा सभाले भाषाभाषी, साहित्य, संस्कृति, ललितकला, नाट्यकलावा सङ्गीत सम्बन्धी विषयमा उल्लेखनीय योगदान पुर्‍याउने व्यक्तिलाई सम्मान तथा पुरस्कार प्रदान गर्न सक्नेछ ।

२९. **प्रतिवेदन पेश गर्नु पर्ने**: खोटेहाङ प्रज्ञा प्रतिष्ठानले प्रत्येक बर्ष आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन प्रमुख संरक्षक मार्फत गाँउपालिका गाँउकार्यपालिकामा पेश गर्नु पर्नेछ ।

३०. **शपथ**: आफ्नो कार्यभार सम्हाल्नु अघि अध्यक्षले गाँउपालिका अध्यक्ष समक्ष तथा उपाध्क्षउ, खोटेहाङ प्रज्ञा सभाका सदस्य र खोटेहाङ प्रज्ञा सभाका सदस्य-सचिवले अध्यक्ष समक्ष अनुसूची एक बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ ।

३१. **अधिकार प्रत्यायोजन**: (१) खोटेहाङ प्रज्ञा सभाले आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार खोटेहाङ प्रज्ञा परिषद्लाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) खोटेहाङ प्रज्ञा परिषद्ले आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, उपाध्यक्ष वा खोटेहाङ प्रज्ञा सभाको सदस्य-सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) अध्यक्षले आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार उपाध्यक्ष वा खोटेहाङ प्रज्ञा सभाको सदस्य-सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

खोटेहाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

उदिम बहादुर राई
अध्यक्ष
खोटेहाङ गाउँपालिका

(४) उपाध्यक्षले आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार खोटेहाङ प्रज्ञा सभाको सदस्य-सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३२. प्रतीक चिन्ह र छापः प्रतिष्ठानको प्रतीक चिन्ह र छाप अनुसुची २ बमोजिम हुनेछ । ३३. नियम बनाउने अधिकारः यस ऐनको उद्देश्य कार्यान्वयन गर्न खोटेहाङ गाँउपालिकाले खोटेहाङ प्रज्ञा प्रतिष्ठानसँग परामर्श गरी आवश्यक नियमावली बनाउन सक्नेछ ।

३४. खारेजी र बचाउः (१) यो ऐन लागु हुनु भन्दा अघि भएको संस्थाको विधान २०८० ऐन लागु भएपछि स्वतः खारेज हुनेछ । (२) यो ऐन लागु हुनु भन्दा अघि भए गरेका काम यसै ऐन बमोजिम भए गरेको मानिने छ ।

खोटेहाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खोटाङ बजार, खोटाङ
२०७३

उदिम बहादुर राई
अध्यक्ष
खोटेहाङ गाउँपालिका

# अनुसूची १

(दफा ३० सँग सम्बन्धित)

शपथ म ............................................ देश र जनताप्रति पूर्ण बफादार रही सत्य निष्ठा पूर्वक प्रतिज्ञा गर्छु की ईश्वर, देश र जनताको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधानप्रति पूर्ण बफादार रही खोटेहाङ प्रज्ञा प्रतिष्ठानको ................... पदको कामकाज प्रचलित कानूनको अधीनमा रही, कसैको डर नमानी, पक्षपात नगरी, कसैप्रति पूर्वाग्रह वा खराब भावना नलिई, इमानदारीसाथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारी भएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा संकेत गर्ने छैन ।

मिति:

नाम:

सही:

# अनुसूची-२

## नियम ३२ सँग सम्बन्धित

## खोटेहाङ प्रज्ञा प्रतिष्ठानको चिन्ह र छापको नमुना

१. गोलो घेरा भित्र माथि पट्टि खोटेहाङ प्रज्ञा प्रतिष्ठान लेखिएको

२. बिचमा खुल्ला पुस्तक भएको, दाँया बाँया घेराभित्र बन्द पुस्तक र कलम चिन्ह रहेको ।

३. पुछारमा स्था. २०८० लेखिएको ।